अनुसूची-१०

(दफा २२को उपदफा (२) संग सम्बन्धित) (पुनर्वास नगरपालिका वडा नं.८ ,९ र ११ को लागी)

स्थानीयतह र बैंकसँग को सम्झौता-पत्र

सबै सामाजिक सुरक्षाभत्ता बैंक खातामार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम पुनर्वास नगरपालिकाको कार्यालय,पुनर्वास (यस पछि नगरपालिकाभनिने) र श्री लक्ष्मी बैंक लि.धनगढी शाखा (यस पछि बैंक भनिने) बीच सामाजिक सुरक्षाभत्ता बैंकिङ् प्रणाली मार्फत वितरण गर्ने प्रयोजनको लागि चालु आ.व.२०७८/०७९को प्रथम त्रैमासिक देखि लागु हुने गरि निम्न शर्तहरूको अधीनमा रही सम्झौता-पत्रमा हस्ताक्षर गरी लियौँ र दियौँ ।

शर्तहरू

१. नगरपालिकाले सामाजिक सुरक्षाभत्तापाउने लक्षित समूहअनुसार लाभग्राहीहरूको नाम, नागरीकता प्रमाण पत्र नं., सामाजिक सुरक्षाभत्ता परिचयपत्र नं. (एम आइ एस बाट आउने १३ अङ्कको सामाजिक सुरक्षा परिचयपत्र नं., ठेगाना, निजले चौमासिक पाउने रकम समेतको पूर्ण विवरण **MIS** प्रणालीमा आधारित विद्युतीय माध्यमबाट (Forward Feed) बैंकलाई उपलब्ध गराउनेछ ।

२. बैंकले नगरपालिकाबाट प्राप्तविवरण बमोजिम लाभग्राहीको नाममा शून्य मौज्दातमा सामाजिक सुरक्षा बचत खाता खोल्नेछ । यसरी खाता खोल्दा लाभग्राहीको सामाजिक सुरक्षाभत्ता कारोबारको विवरण देखिन सक्ने गरि १३ अंकको सामाजिक सुरक्षा परिचयपत्र नम्बर बैंक को मुख्य कारोबार गर्ने प्रणालीमा अनिवार्य सेभ गर्ने व्यवस्था गर्नु पर्नेछ ।

३. पाँचवर्ष मुनिका बालबालिकाको हकमा आमा वा संरक्षकबाट खाता सञ्चालनहुने गरी बचत खाता खोलिदिने र आमावा संरक्षकको दस्तखतबाट खाता सञ्चालन गर्नेछ ।

४. बैंकले लाभग्राहीको खाता खोलीसकेपछि लाभग्राहीको नाम र खाता नं. सहितको विवरण विद्युतीय माध्यमबाट नगरपालिकालाई उपलब्ध गराउनेछ ।

५. नगपालिकाले प्रत्येक लाभग्राहीको विवरण Forward Feed मार्फत नाम, लक्षित समूह र पाउने रकम खुलाई एकमुष्ट रकमको चेक हरेक त्रैमासिकमा बैंकलाई उपलब्ध गराउनेछ ।

६. नगरपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (Forward Feed) सहित बाँकी रकम भए सो समेत नगरपालिका लाई उपलब्ध गराउनेछ ।

७. तथ्याङ्क आदान प्रदानगर्दा सुरक्षित API, Forward Feed/Reverse Feed जस्ता विद्युतीय माध्यमबाट मात्र गरिनेछ ।

८. कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी नगरपालिकाले तत्काल प्रणाली मार्फत बैंकलाई उपलब्ध गराउनेछ । सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टाभएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी नगरपालिकामा फिर्ता पठाउने छ ।

१०. बैंकले निष्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र नगरपालिकालाई दिनुपर्नेछ ।

११.बैंकले प्रत्येक त्रैमासिकमा प्रत्येक खातावालको उक्तखाताको कारोवार झल्कने प्रतिवेदन नगरपालिकालाई दिनेछ । उक्त खातामा जम्मा रहेको रकम मध्ये केही वा सबै रकम रोक्का राख्न वा फिर्ता गर्न नगरपालिकाबाट लेखीआएमा बैंकले सोहीबमोजिम रोक्का वा फिर्ता गर्नेछ ।

१२. ९० बर्ष वा सो भन्दा बढी उमेरका जेष्ठ नागरिक र रातो कार्ड (क बर्गको) प्राप्त गरेका पूर्ण अपाङ्गता भएका लाभग्राही, अतिअसक्तता भएको प्रमाणीत भएका लाभग्राहीहरूको हकमा सामाजिक सुरक्षाभत्ता वितरण गर्दा बैंक र नगरपालिकाको समन्वयमा सेवाग्राहीको घरदैलोबाट सामजिक सुरक्षाभत्ता वितरण व्यवस्था मिलाई बैंक मार्फत हिसावमिलान गरिनेछ ।

१३. दुबै पक्षको सहमतिबाट लाभग्राहीहरूलाई सहज ढङ्गबाट रकम उपलब्ध गराउन थप प्रयासहरू गरीनेछ ।

१४. यो सम्झौता **कम्तिमा तिन आर्थिक बर्षको** लागिलागु हुनेछ । यो सम्झौताको समयावधि आपसी समझदारीमा थप गर्न सकिनेछ ।

१५. यस सम्झौतामा लेखिएका कुराहरु सोहीबमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

नगरपालिकाको तर्फबाट

पदः-प्रमुख प्रशाकीय अधिकृत

नामः- खेमराज बिष्ट

दस्तखत

मितिः-२०७८।०४।३१

(छाप: प्रमुख प्रशासकीय अधिकृत)

बैंक को तर्फबाट

पदः- शाखा प्रबन्धक

नामः- दिवाकर जोशी

दस्तखत

मितिः-२०७८।०४।३१

(छाप: Laxmi Bank Limited)

रोहवर

पदः- नगर प्रमुख

नामः- जीवन राज थापा

दस्तखत

मितिः-२०७८।०४।३१

(छाप: जीवन राज थापा, नगर प्रमुख; पुनर्वास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पुनर्वास, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल)

पदः- सामाजिक सुरक्षा फाँट प्रमुख

नामः- मान वहादुर खडका

दस्तखत

मितिः-२०७८।०४।३१

पदः- आर्थिक प्रशासन

नामः- पारस जोशी

दस्तखत

मितिः-२०७८।०४।३१

ईति सम्वत २०७८साल श्रावण ३१ गते रोज १ मा शुभम्